निर्णय प्रमाणित
४।२

बैठक संख्याः २५

२०८० असार ०४ गते

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | बिगतको निर्णयका समिक्षा। | यस लेटाङ नगरकार्यपालिकामा विगतको कार्यपालिका निर्णयहरू, शाखाहरूबाट प्राप्त मासिक प्रतिवेदन, र अन्तरपालिका सरोकारको विषयमा छलफल गर्नका लागि बेलबारी नगरपालिकामा बसेको अन्तरपालिका बैठकको निर्णयको समिक्षा गरियो। |
| २ | भू-उपयोग परिपदको निर्णय अनुमोदन। | मितिः२०८०/०२/२५ गते बसेको भू-उपयोग परिषदको अनुसूची बमोजिमको निर्णयलाई स्विकृत गर्ने। |
| ३ | शनिबारे हाट बजार सम्बन्धमा। | शनिबारे हाटको टहरा निर्माण कार्य सम्पन्न भई हस्तान्तरणका लागि निवेदन प्राप्त भएकाले स्वामित्व ग्रहण गरी नियमानुसार ठेक्का प्रक्रियामा जाने। |
| ४ | पारिश्रमिक निर्धारण समिति गठन | यस लेटाङ नगरपालिकाको करारमा रहेका कर्मचारीको पारिश्रमिक निर्धारण गर्न तपसिल बमोजिमको पारिश्रमिक निर्धारण सिफारिस समितिको निर्माण गर्ने।<br>संयोजक- कृष्णराज राई<br>सदस्य- भुपेन्द्र खनाल<br>सदस्य सचिव- डिग बहादुर सोडारी |
| ५ | रकम बिनियोजन | १.साझा संस्था बाट लेटाङ नगरपालिकाले प्राप्त गरेको सार्वजनिक जग्गामा तारघेरा गेट तथा आवश्यक प्राविधिक स्टमेट बमोजिमको काम गर्न रू४३१००० बिनियोजन गर्ने। (शिर्षकःअन्य सार्वजनिक निर्माण)<br>२.कालोपत्रे शितल मार्ग देखि हाटबजार सम्म सडक स्तरउन्नती गर्नका लागि रू१५०००० बिनियोजन गर्ने। (शिर्षकःअन्य सार्वजनिक निर्माण)<br>३.वडा नं ५ र ६ को बरगाछी देखि लेटाङ ४ को चिल्ड्रेन पार्क सम्म सडक स्तरउन्नतीका लागि रू१२२०००/- बिनियोजन गर्ने। (शिर्षकःअन्य सार्वजनिक निर्माण)<br>४.वडा नं २ धोवी टोलमा रहेको भित्ते पैनिमा अविरल वर्षातको कारण पहिरोले पैनि अवरूद्ध भएकाले मर्मत संभारका लागि प्राविधिक स्टमेट बमोजिम रू १५८००० बिनियोजन गर्ने। (शिर्षकः पैनिहरूको मुहान संरक्षण तथा तटबन्धन शिर्षकबाट)<br>५.लेटाङ अस्पतालमा प्राथमिक स्वास्थ्य केन्द्रमा भएको पुरानो भवन सरसफाइ,बिग्रेको खानेपानी पाइप मर्मत, नयाँ पाइप जडान, पानिको धाराहरू मर्मत, नयाँ भवनको सिपेच ढलान तथा रिपेरिङ गर्दा बिल भर्पाइ अनुसार रू १५७५९२ भुक्तानी गर्ने। (शिर्षकः<br>६.लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित बाह्रकोठे पैनी मर्मतका लागि रू९९००० बिनियोजन गर्ने। (शिर्षकः पैनिहरूको मुहान संरक्षण तथा तटबन्धन शिर्षकबाट) |
| ६ | बजेट नीति तथा कार्यक्रम सम्बन्धमा। | आ.व.२०८०/८१ को बजेट नीति तथा कार्यक्रमको बजेट तथा कार्यक्रम तर्जुमा समिति द्वारा निर्माण गरिएको प्रारम्भिक मस्यौदामा छलफल गरी स्विकृत गरियो। |

भुपेन्द्रकुमारि लावती
नगर प्रमुख

निर्णय प्रमाणित
२।८

| | | |
|---|---|---|
| ८ | कानुन निर्माण मस्यौदा समिति सम्बन्धमा। | लेटाङ नगरपालिकामा बन्ने कानुनु ऐन,नियम,कार्यविधि तथा नियमावलीहरूको मस्यौदा तयार गरी पेश गर्नका लागि प्रा.उपसचिव श्री कृष्णराज राईको संयोजकमा तपसिल बमोजिमको सदस्य रहने गरी मस्यौदा समिति गठन गर्ने।<br>संयोजक - उपसचिव श्री कृष्णराज राई<br>सदस्य – सूचना प्रविधि अधिकृत श्री ओम प्रशास पौडेल<br>सदस्य सचिव- सहायक स्तरपाँचौ श्री सुदिप घिमिरे<br>मस्यौदा समितिलाई प्रति कानुन निर्माण गरे बापत रू१५००० का दरले प्रदान गर्ने र बिगतको कानुन संसोधन बापत प्रति कानुन रू७५०० कानुन स्थानीय राजपत्रमा प्रकासन भए पश्चात मात्र प्रदान गर्ने। |
| ९ | संस्था दर्ता सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा संस्था दर्ताका लागि स्विकृत बिधान सहित संस्था दर्ता गरिदिनुहुन भनि निवेदन दिएको तपसिल बमोजिमको संस्थाहरूलाई लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ को दफा ४ बमोजिम संस्था दर्ता गरी प्रमाणपत्र प्रदान गर्ने।<br>तपसिल:<br>१. शहिद स्मृति प्रतिष्ठान लेटाङ विधान,२०८०<br>२.कुइकुन्डा खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको बिधान,२०८० |
| १० | नगर सभा सम्बन्धमा। | तोकिएको समयमा नगरसभा सम्पन्न गर्न विषयगत समितिलाई निर्देशन दिने। |
| ११ | जनप्रतिनिधिको पोषाक | यस लेटाङ नगरपालिकामा निर्वाचित भएर आउनुभएको जनप्रतिनिधिहरूको तपसिल बमोजिमको औपचारिक पोषाक कायम गर्ने।<br>पुरूष जनप्रतिनिधिको हकमा:<br>सेतो सट कालो पेन्ट कोट र ढाका टोपि लाई औपचारिक पोषाक कायम गर्ने।<br>महिला जनप्रतिनिधिको हकमा:<br>रानी कलको ढाकाको बुट्टेदार साडि चोलोलाई औपचारिक पोषाक कायम गर्ने। |
| १२ | कानेपोखरी लेटाङ सडक खण्ड सम्बन्धमा। | कानेपोखरी लेटाङ सडक खण्डमा सवारी साधनको गति सिमित गर्न टाइमा कार्ड लागु गर्ने र टिपरहरूलाई उक्त बाटोको विकल्पमा उपयुक्त बैकल्पिक बाटो दिने। |
| १३ | ठेक्का सूचना सम्बन्धमा। | नगरपालिकाबाट प्रकाशन हुने सबै किसिमका सूचनाहरू ठेक्का प्रक्रियाबाट प्रकाशन गर्न ठेक्का सूचना प्रकाशन गर्ने। |
| १४ | आवश्यक कानुनी मस्यौदा सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा आवश्यक तपसिल बमोजिमको कानुनी मस्यौदा तयार गर्न मस्यौदा समितिलाई आग्रह गर्ने।<br>तपसिल:<br>१.गिट्टी बालुवा उत्खनन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड<br>२.खानेपानी ऐन<br>३.जलश्रोत ऐन |

भुपेन्द्रकुमार रावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ मोरङ
कोशी प्रदेश नेपाल

निर्णय प्रमाणित
२।१८

| | | |
|---|---|---|
| | | ४.संचार कार्यबिधि/ऐन<br>५.सर्पदंश उपचार केन्द्र संचालन कार्यबिधि<br>६.लागुपदार्थ दुर्व्यसनी कार्यबिधि<br>७.एलानी जग्गालाई करको दायरामा ल्यउने तथा वाहाल बिटौली कर परिचालन सम्बन्धि कार्यबिधि |
| १५ | भुक्तानी अनुमोदन | यस लेटाङ नगरपालिकाको वडा नं ८ मा अवस्थित बाल बिकास केन्द्रमा कार्यतर बाल बिकास सहजकर्ता श्री लक्ष्मी न्यौपानेलाई अदालतको आदेश बमोजिम भुक्तानी गरिएको पारिश्रमिकको अनुमोदन गर्ने। |
| १६ | सर्वदलिय बैठकको निर्णय अनुमोदन | यस लेटाङ नगरपालिकाको आयोजनामा मिति:२०८०/०३/०१ गते बसेको सर्वदलिय बैठकको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने।<br>तपसिल:<br>१.मदन भण्डारी राजमार्गको अवधारणा आउनु अगाडीनै लेटाङ बजार व्वस्थित रूपमा वस्ती बसि संकेकोले वडा नं ३ मा अवस्थित चिसाङ पुल देखि नगर अस्पताल सम्म बिल्डअप एरिया तोक्ने, साथै अहिले संञ्चालनमा रहेको सडकलाई २० मिटर लाईनै कायम राखेर निर्माण कार्य अगाडी बढाउन संघिय सरकारलाई अनुरोध गर्ने।<br>२. विल्डअप एरिया कायम गरेर सडक निर्माण गर्न नसक्ने अवस्था भएमा बैकल्पिक मार्गको रूपमा लेटाङ-२ को किराँत चोक देखि वडा नं १ को तल्लो लोखरा, वडा नं ६ को लक्ष्मिथान,सुकेचौरी, कोल्डस्टोर, वडा नं ५ र ६ को भुवा जनता पैनि अफिस पश्चीम, लेटाङ बहुमुखी क्याम्पस हुँदै नगर अस्पताल चोक सम्म कायम गरेर सडक निर्माणको लागि प्रकृया अगाडी बढाउन अनुरोध गर्ने।<br>३.मदन भण्डारी राजमार्गको निर्माण कार्यमा यथासिघ्र अगाडी बढाउन अनुरोध गर्ने।<br>४.मदन भण्डारी राजमार्ग निर्माण प्रकृया अगाडी बढेदेखि सडक क्षेत्राधिकार र सेड व्याक कति रहने प्रस्ट नभइ घर नक्सा पास तथा जग्गा किनबेच रोकिएकाले फुकुवाको लागि पहल गर्ने। |
| १७ | न्यायिक समिति सम्बन्धमा। | न्यायिक समितिवाट भएको निर्णय कार्यान्वयन नगर्नेलाई नगर प्रहरी मार्फत न्यायिक समितिमा उपस्थिति गराउने। |
| १८ | काजक्रिया खर्च सम्बन्धमा। | १.यस नगरपालिका वडा नं ३ मा बस्ने बलबहादुर दमाइको बुवा श्री छत्रबहादुर दमाईको मिति:२०८०/०२/२५ गते निधन भएको तथा निजको परिवार आर्थिक रूपमा अति विपन्न परिवार रहि काजक्रया गर्न समस्या भएको हुँदा निजलाई आर्थिक सहायता कार्यविधि,२०७७ को दफा ७ को (ङ) बमोजिम काजक्रिया खर्चको लागि रू१०००० प्रदान गर्ने। (राहात उद्दार तथा पुनस्थापना)<br>२. लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित श्री अमित मगरको निधन भएको तथा निजको परिवार आर्थिक रूपमा अति विपन्न परिवार रहि काजक्रया गर्न समस्यां भएको हुँदा निजलाई आर्थिक सहायता कार्यविधि,२०७७ को दफा ७ को (ङ) |

इन्द्रकुमार लावती
नगर प्रमुख

निर्णय प्रमाणित

| | | |
|---|---|---|
| | | बमोजिम काजक्रिया खर्चको लागि रू१०००० प्रदान गर्ने।(राहात उद्दार तथा पुनस्थापना) |
| १९ | झोलुङ्गे पुलको हेरालु सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा बिगत वर्षहरूमा झै मासिक रू५०० का दरले झोलुङ्गे पुल हेरालु राखिएकोमा नगरपालिका भरिको सबै पुल हेरालुको पारिश्रमिक भुक्तानी गर्ने। |
| २० | जिम्मेवारी तोक्ने | न्यायिक समितिबाट सहमतीमा भएका निर्णयहरू कार्यान्वय नभएको भन्ने गुनासोहरू आउने गरेको हुँदा उक्त सहमतिहरू कार्यान्वयनका लागि वडा कार्यालयलाई जिम्मेवारी तोक्ने। |
| २१ | शिर्षक परिवर्तन सम्बन्धमा। | शिर्षकगत श्रोतको अभावमा वडा कार्यालयबाट कार्यसंचालन गर्न कठिनाई भएकाले नगर सभाबाट अनुमोदन हुने गरी देहायबमोजिमको वडा शिर्षक परिवर्तन गर्ने। |

| वडा नं | कायम शिर्षक | परिवर्तन भएको | वजेट |
|---|---|---|---|
| ७ | कार्यक्रम खर्च | इन्धन तथा सवारी मर्मत | १००००० |
| ८ | सुत्केरी महिलाको लागि एम्बुलेन्स भाडा | मेयर कप फुटबल संचालन | ३५९०० |

| | | |
|---|---|---|
| २२ | स्टक क्लियरेन्स सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ६ को पार्टिखेत ढुङ्गामा स्टक गरेर राखिएको ढुङ्गा परिमाण अनुसारको स्टक प्रमाणित गरी एकमुष्ठ राजश्व लिई ३ दिन भित्र स्टक क्लियर गर्नका लागि अनुमती प्रदान गर्ने। |
| २३ | प्रोत्साहन सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा दहायका क्षेत्रहरूमा उत्कृष्ठ ठहरिएकाहरूलाई पुरूष्कार प्रदान गर्ने।<br>१.उत्कृष्ठ कर्मचारी पुरूष्कार (जेष्ठता, उत्कृष्ठ कार्यसम्पादन भएको, कार्यालयमा हाजिर भएको समयअवधी, अनुसासन तथा ड्रेस कोडको पालना गर्ने, कार्यालयको कार्यसम्पादनमा आफ्नो सक्रिय सहभागिता जनाउने कर्मचारी)<br>२.उत्कृष्ठ उपभोक्ता समिति पुरूस्कार(समयमा, गुणस्तरिय र सहभागिता मार्फत धेरै काम सम्पन्न गर्ने)<br>३.उत्कृष्ठ निर्माण व्यवसायी पुरुस्कार(समयमा, गुणस्तरिय कार्य सम्पन्न गर्ने)<br>४.उत्कृष्ठ करदाता पुरूष्कार (यस लेटाङ नगरपालिकामा यस आर्थिक बर्षमा यहि आर्थिक वर्षको सबै भन्दा धेरै कर बुझाउने संस्था, व्यक्ति)<br>५.उत्कृष्ठ बिद्यालयलाई पुरूष्कार (बिद्यालय क्षेत्रमा शैषिक गुणस्तर कायम गर्ने, बिद्यार्थीको रिजल्ट राम्रो निकाल्ने तथा अतिरिक्त क्रियाकलापहरू संचालन गर्ने बिद्यालयहरूबाट)<br>६.उत्कृष्ठ जनप्रतिनिधि पुरूष्कार (अनुशासनमा बस्ने, मर्यादा पालना गर्ने, नियमित बैठक गोष्ठिहरूमा उपस्थित हुने, तोकिएको जिम्मेवारी कुशलतापूर्वक पुरागर्ने जनप्रतिनिधि) |

भुपेन्द्रकुमारि लावती
नगर प्रमुख

निर्णय प्रमाणित

| | | |
|---|---|---|
| २४ | जिन्सी सामाग्रीको अनुमोदन सम्बन्धमा। | यस लेटाङ नगरपालिकाको कार्यालयमा नगर प्रमुखको तोक आदेशबाट बिभिन्न मितिमा वितरण भएका अनुसूचि बमोजिमको खानेपानी पाइप वितरण,ह्विल चियर वितरण, तारजाली वितरण र ह्युम पाइप वितरणको अनुमोदन गर्ने। |
| २५ | परामर्शको लागि पेश गर्ने। | कानुन निर्माण मस्यौदा समितिले पेश गरेको लेटाङ नगरपालिकाको कर्मचारी तहबृद्धि सम्बन्धी कार्यबिधि २०८० कोशी प्रदेश लोकसेवा आयोगमा परामर्शको लागि पठाउने। |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख